बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८० चैत्र २८ गतेका दिन बेसीशहर नगरपालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३४ (चौंतीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| उप प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| वडा अध्यक्ष, वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " " २ | श्री मदन बहादुर राना |
| " " " " ३ | श्री चित्र बहादुर दनाई |
| " " " " ४ | श्री राम बहादुर गुरुङ |
| " " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " " ६ | श्री प्रकाश थापा |
| " " " " ७ | श्री ऋषिराम बस्नेत |
| " " " " ८ | श्री पवित्रा थापा राना |
| " " " " ९ | श्री खुसिजंग गुरुङ |
| " " " " १० | श्री गंगा बहादुर थापा |
| " " " " ११ | श्री शिव प्रसाद जोशी |
| कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री श्रीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला न्यौपाने अधिकारी |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख - श्री शम्भु प्र. घिमिरे
सामाजिक शाखा प्रमुख - श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/२८ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/१२/२८ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. वैकल्पिक ऊर्जातर्फको कार्यक्रम सम्बन्धमा ।

३. सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्बन्धमा ।

४. जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास तालिम सम्बन्धमा ।

५. मध्यमकालिन खर्च संरचना निर्माण सम्बन्धमा ।

- कार्यदल गठन
- परामर्श सेवा खरिद

६. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

७. काठमाण्डौमा आयोजना गरिएको समन्वय बैठक सम्बन्धमा ।

८. दोस्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।

९. ढुंगा गिटी बालुवाको अनुमति सम्बन्धमा ।

१०. योजना तथा कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा । वडा नं १०

११. विविध

- क्षमता विकास योजना निर्माण सम्बन्धमा ।
- नियुक्ति अनुमोदन सम्बन्धमा । (पशु चिकित्सक, अधिकृतस्तर सातौं)
- सेनेटरी प्याड खरिद सम्बन्धमा ।
- थप जिम्मेवारी वापतको पारिश्रमिक सम्बन्धमा । (वडा सचिव र प्राविधिक)
- निर्माण व्यवसायीको इजाजत पत्र प्रदान सम्बन्धमा ।
- खानेपानी उपभोक्ता समितिको साधरण सभा सम्बन्धमा ।
- सेवा प्रवाह सम्बन्धमा ।
- श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।
- नयाँ बर्षको शुभकामना सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/२८ गतेको बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/१२/१२ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : वैकल्पिक ऊर्जातर्फको कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व. को सशर्त अनुदान अन्तर्गत नविकरणीय उर्जा कार्यक्रमतर्फको रु. ८ लाख मध्ये बाँकी रहेको बजेटबाट सूचना प्रविधि अधिकृतबाट तयार भएको लागत इष्टिमेट वमोजिम वडा नं ३,४,१० को वडा कार्यालय र वडा नं २ र ७ को स्वास्थ्य संस्थामा सोलार ब्याक अप सिष्टम (ब्याक इन्भर्टर 1400 VA र ब्याट्री 150 Ah.) जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आयोजना र सार्जजनिक सुनुवाई सहजीकरण सञ्चारकर्मी समुहको सहजीकरणमा मिति २०८०/१०/१९ गतेका दिन जिल्ला समन्वय समितिको सभाहलमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाईको प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई सेवा प्रवाह, स्थानीय विकास निर्माण र शासकीय कामकारबाहीका सवालमा नागरिकहरुले राखेका जिज्ञासा, सुझाव र टिप्पणी तथा नगरप्रमुखबाट दिइएको जवाफ र प्रतिवद्दताको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल हुँदा नगरबासीहरुको जिज्ञासा उपर नगरप्रमुखले व्यक्त गर्नु भएको प्रतिवद्दता अनुरुप सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं ४ : जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास तालिम सम्बन्धमा ।**

जनप्रतिनिधि र कर्मचारीहरुलाई योजना तर्जुमा, सुशासन र मध्यमकालीन खर्च संरचना सम्बन्धी क्षमता विकास तालिम मिति २०८१ बैशाख १४, १५ र १६ गतेका दिन बेसीशहर नगरपालिका ३ काउलेपानीमा आवासीय रुपमा सञ्चालन गर्ने साथै उक्त तालिमको खर्च क्षमता विकास कार्यक्रम शिर्षकबाट व्यहोर्ने गरी प्रस्तावना स्वीकृत गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : मध्यमकालिन खर्च संरचना निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८१/८२-२०८३/८४) निर्माणको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको दिग्दर्शन २०७८ मा भएको व्यवस्था वमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शाखा प्रमुखहरु रहने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन गर्ने साथै सो कार्यमा थप विज्ञताको समेत आवश्यक पर्ने हुँदा परामर्श सेवा खरिदको लागि रु. ५ लाख सेवा र परामर्श खर्च शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/२८ गतेको बैठक

**<u>निर्णय नं ६ : अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।</u>**

चालु आ.व. २०८०/८१ मा कार्यान्वयन भैरहेका आयोजना तथा कार्यक्रमहरुमध्ये नगरपालिकास्तरीय अनुगमन समितिबाट यस विचमा अनुगमन भएका आयोजना तथा कार्यक्रमहरुको सम्बन्धमा नगर उपप्रमुख एवम् अनुगमन समितिका संयोजकबाट बैठकमा प्रस्तुत भई जानकारी भयो साथै आयोजना कार्यान्वयनको सन्दर्भमा देखिएका कमीकमजोरीहरुलाई सुधार गर्ने/गराउने निर्णय गरियो ।

**<u>निर्णय नं ७ : काठमाण्डौमा आयोजना गरिएको समन्वय बैठक सम्बन्धमा ।</u>**

बेसीशहर नगरपालिकाको अवस्थाको बारेमा जानकारी गराउने, योजना तर्जुमाको सन्दर्भमा सुझाव लिने तथा संघीय मन्त्रालयहरुको बार्षिक कार्यक्रममा यस नगरपालिकाको मुख्य प्राथमिकताका आयोजना तथा कार्यक्रमहरु समावेश गर्नको लागि मद्दत पुग्ने अपेक्षाका साथ काठमाण्डौमा रहेका बुद्दिजीवीहरुसंग मिति २०८०/१२/२१ का दिन काठमाण्डौमा आयोजना गरिएको समन्वय बैठक उपलब्धीमूलक भएको र प्राप्त भएका सुझावहरुलाई समेत मनन् गरी आगामी आ.व.को योजना तर्जुमा सम्बन्धी कार्य अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं ८ : दोस्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।</u>**

बेसीशहर नगरपालिकाको चालु आ.व.२०८०/८१ को दोस्रो चौमासिक प्रगति समीक्षा गोष्ठी आगामी कार्यपालिका बैठकको दिन सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ९ : ढुंगा गिटी बालुवाको अनुमति सम्बन्धमा ।</u>**

(क)यस कार्यालयको तेश्रो पटकको सूचना अनुसार रिठ्ठबगर घाट (ठेक्का नं १३) को ठेक्का प्रक्रियाको लागि एकमात्र बोलपत्र फारम पेशकर्ता श्री प्रवेश ब्रदर्श कन्स्ट्रक्शन काठमाण्डौको तर्फबाट यस कार्यालयमा सम्झौताको लागि आउने जानकारी गराईसकेकोले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही सम्झौता गर्न मञ्जुर भई उपस्थित भएमा आगामी २०८१ बैशाख मसान्तभित्र नियमानुसार सम्झौता गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिका क्षेत्र अन्तर्गत ठेक्का नं १७ गैरी क्याम्पस मुनि खण्ड (क) (गैरी क्याम्पस झो.पु.बाट माथि, तल्लो खण्ड) र रिठ्ठबगर मोटरेवल पुलदेखि माथि आर्मी ब्यारेक मुनि (उदिपुर) पारितर्फ (वडा नं ११) को भागको नदिजन्य पदार्थ उत्खनन्/संकलन गर्न हालसम्म कसैबाट आवेदन पेश हुन नआएकोले बर्षायाम नजिकिँदै जाँदा पानीको सतह बढ्दै जाने हुँदा सूचना प्रकाशन गरी ठेक्का लगाउन समय नभएकोले उक्त ठाउँमा जम्मा भएको नदिजन्य पदार्थ उत्खनन्/संकलन गरी तोकेको स्थानमा घाटगद्दी गरी परिमाण एकिन भए पश्चात नियमानुसारको राजश्व बुझाई लैजान चाहेको व्यहोराको निवेदन (क्रमशः गोविन्द बस्नेत र सुरेन्द्र कुमार दोङ) पेश हुन आएकोले नियमानुसार नदिजन्य पदार्थ विक्रि वितरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं १० : योजना/कार्यक्रम ब्रेक डाउन सम्बन्धमा ।</u>**

चालु आ.व. २०८०/०८१ का देहायका आयोजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन /रकमान्तर गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/२८ गतेको बैठक

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकरतर्फ, बेनपा-१० | ५,००,००० | १.बाँझाखेत स्वास्थ्य चौकी तथा बस्ती संरक्षण बेनपा-१० | १,५०,००० |
| २. रतनपुर खेलमैदान निर्माण बेनपा १ (नगरस्तरीय) | २,००,००० | २.रतनपुर खेलमैदान पहुँचमार्ग निर्माण तथा खेलमैदान मर्मत बेनपा १ | २,००,००० |
| ३.दलित तथा विपन्न छात्रछात्रालाई प्रोत्साहन,स्टेशनरी र पोषाक वितरण बेनपा ३ | ५,००,००० | ३. दलित तथा विपन्न छात्रछात्रालाई प्रोत्साहन,स्टेशनरी र पोषाक वितरण बेनपा ३ | ३,००,००० |

**निर्णय नं ११ : क्षमता विकास योजना निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको ३ बर्षे क्षमता विकास योजना निर्माणको लागि पेश भएका फर्महरुको आर्थिक र प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा. लि ललितपुर मनपा १५ छनौट भएको व्यहोरालाई समर्थन गर्दै सम्झौता कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १२ : नियुक्ति अनुमोदन सम्बन्धमा ।**

लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको सिफारिस पत्रानुसार चन्दननाथ नगरपालिका-७ जुम्लाका श्री जयन्त महतलाई यस नगरपालिका अन्तर्गत रहने गरी स्थानीय कृषि/भेटेरिनरी सेवा/समुह पशु चिकित्सक सातौं तहमा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा १६ वमोजिम दिइएको स्थायी नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : सेनेटरी प्याड खरिद सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले विगतका बर्षहरुमा खरिद गरी विद्यालयहरुमा वितरण गरेको सेनेटरी प्याड कम गुणस्तर भएको भनी सरोकारवालाहरुबाट गुनासो आएकोले चालु आ.व.२०८०/८१मा लागि सामुदायिक विद्यालयहरुका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापनका लागि प्राप्त बजेट रु.१५ लाख ५४ हजार बाट अल्ट्राथिन सेनेटरी प्याड खरिद गर्नका लागि खरिद प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : थप जिम्मेवारी वापतको पारिश्रमिक सम्बन्धमा ।**

दुई वटा वडा हेर्ने वडा सचिवलाई विगत अभ्यासकै आधारमा जनही मासिक रु. ५ हजारका दरले थप पारिश्रमिक (रामकृष्ण ढकाल र पूर्ण बहादुर भोलन) तथा वडामा खटाइएका प्राविधिकहरुलाई (सुरज परियार र सुधिर कुमार श्रेष्ठ) अन्य प्राविधिक सरह फिल्ड भत्ता पारिश्रमिक खटिएकै मितिदेखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/१२/२८ गतेको बैठक

**निर्णय नं १५ : निर्माण व्यवसायीको इजाजत पत्र प्रदान सम्बन्धमा ।**

घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्रका लागि आवश्यक कागजात र प्रकृया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाको घ वर्गको इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ वमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय:**

प्यासिफिक निर्माण सेवा, बेसीशहर नगरपालिका-७, लमजुङ प्रोपराइटरः सजना थापा बेसीशहर-७

**निर्णय नं १६ : खानेपानी उपभोक्ता समितिको साधरण सभा सम्बन्धमा ।**

बेसीशहर खानेपानी उपभोक्ता समितिको साधरण सभा विगत लामो समयदेखि हुन नसकेकोतर्फ यस बेसीशहर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको र विधि विधान अनुसार समितिको साधरण सभा अविलम्ब बोलाउन बेसीशहर खानेपानी उपभोक्ता समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १७ : सेवा प्रवाह सम्बन्धमा ।**

यस नगरपालिकाका प्राविधिक शाखा प्रमुख ई. विशाल ढकाल व्यक्तिगत वा कार्यालय कामको सिलसिलामा कारणवश केही दिन कार्यालयमा अनुपस्थित रहनुपर्ने अवस्थामा यस नगरपालिका अन्तर्गत वडामा कार्यरत तत्काल कार्यालयमा उपस्थित निकटतम छैटौं तहका इन्जिनियरलाई कामकाज गर्न जिम्मेवारी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं १८ : श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ११ का वडाध्यक्ष एवम् नगर कार्यपालिका सदस्य श्री शिवप्रसाद जोशीको पूजनीय पिता नरराज जोशीको मिति २०८०/१२/२७ गतेका दिन असामयिक निधन भएको खबरले हामी नगरपालिका परिवार मर्माहत भएको यस दुखद घडिमा स्व.नरराज जोशीप्रति भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनहरुप्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : नयाँ बर्षको शुभकामना सम्बन्धमा ।**

नयाँ बर्ष २०८१ को पावन अवसरमा सम्पूर्ण नगरबासी तथा समस्त नेपालीहरुप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल

नगर प्रमुख